## सूची दर्ता गर्ने बारेको सुचना

**प्रथम पटक प्रकाशित मिति :- २०७५।०३।२८**

यस कोषलाई आ.बा.२०७५/०७६ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित समूहका सामानहरु खरिद गर्नका लागि सूची दर्ता गराउनु पर्ने भएकोले उक्त सामानहरु सप्लाई गर्न ईच्छुक इजाजत प्राप्त एवं कुनै बात कसूर नलागेको तथा कालो सूचीमा नपरेको फर्म,कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार छुट्टाछुट्टै सूची दर्ताको लागि संस्था वा फर्म दर्ताको प्रमाण पत्र (नविकरण भएको),स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि र सुचिकृत हुन चाहेको बिषयमा आवश्यकता अनुसारको ब्यबसायिक ईजाजत पत्र सहित सार्वजनिक खरिद नियमावली २०६४ अनुसूची(२) क बमोजिमको ढांचामा निवेदन संलग्न गरि कालो सूचीमा नपरेको स्वंय घोषणापत्र समेत पुर्ण ठेगाना , सम्पर्क व्यक्ति ,सम्पर्क फोन नं.प्रष्ट खुलाई यो सूचना प्रकाशित मितिले १५ दिन (२०७५।०४।११ गते) भित्र कार्यालय समय भित्र यस कोषमा रु.१० को टिकट टांसी दरखास्त दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

निम्न :-

१. मेडिसिन र मेडिकल ईक्युपमेण्ट भ्याक्सिन
२. किचन तथा क्याटरिङ्गका सामाग्रीहरु
३. मसलन्द तथा कार्यालय,स्टेशनरी सामानहरु
४. ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक्स सामानहरु
५. प्लम्बिङ्ग सेनेटरी तथा हार्डवेयरका सामानहरु
६. सवारी साधन,
७. सवारी साधनका पार्ट पुर्जाहरु डेण्ट पेण्टहरु ,व्याट्रिहरु,
८. जेनेरेटर,जेनेरेटर पार्टसहरु
९. बिभिन्न लत्ता कपडा पोशाकहरु र पोशाक संग सम्बन्धित सामानहरु
१०.सञ्चारका साधन , पार्ट पुर्जा
११.कम्प्युटर ,फोटोकपी,प्रिन्टर,फ्याक्स,सोको पार्टसहरु तथा मर्मत सम्बन्धि
१२. लाउण्ड्री/ खेलकुद /हजाम /पूजाका सामाग्री/टेलरिङ्ग सोभनियरका सामाग्रीहरु
१३. छपाई तथा बिज्ञापन सम्बन्धी
१४. सांस्कृतिक कार्यक्रम संग सम्बन्धित सामानहरु
१५. बिविध निर्माण तथा मर्मत सम्बन्धि
१६. फर्निचर सम्बन्धि
१७. बिभिन्न मेशिनरी सामानहरु

अन्य जानकारी

१) माथी उल्लेखित सामानको बिषयगत रुपमा छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ, एकै निवेदनमा एक भन्दा बढी बिषय समावेश निवेदन उपर कुनै कारवाही हुने छैन ।
२) आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा तोकिए बमोजिम नभई रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।
३) संलग्न गर्नु पर्ने प्रत्येक कागजात हरु छुट्टा छुट्टै पेजमा फोटोकपी गरि प्रमाणित गराएको हुनुपर्नेछ (नोटरी पब्लिक) ,एकै पेजमा एक भन्दा बढी कागजात संलग्न गरिएमा स्वीकार्य हुने छैन ।
४) सूचिकृत भएका कम्पनी वा फर्महरुले संतोषजनक सामान आपूर्ति नगरेको खण्डमा सूचीबाट हटाउन सकिनेछ ।
५) प्राप्त दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहनेछ ।
६) यस सूचनामा नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन ।

**प्रहरी कल्याण कोष**
**पोष्ट बक्स नं ४०७, फोन नं। ०१४४११२८३**
**नक्साल, काठमाण्डौ**